# पुस्तिका

उत्पादनको लोगो

**अटल पेन्सन योजना**

**जनधन देखि जनसुरक्षा सम्म**

# भारत सरकारद्वारा सुनिश्चित पेन्सन

(पेन्सनविहिन समाज देखि पेन्सन युक्त समाजको लक्ष्य लिएर भारत सरकारको ऐतिहासिक पहल)

.................................................................................

[1] यस योजना भारत सरकारद्वारा अनुमोदित विषय हो।

## अटल पेन्सन योजनाबारे संक्षिप्त जानकारी

- भारत सरकार गरीववर्गको वृद्ध अवस्थाको सुरक्षित आयबारे चिन्तित छ यसैकारण उनीहरूलाई सक्षम सेवानिवृत्तका निम्ति जोगाड गर्न प्रोत्साहित गर्दछ। असंगठित क्षेत्रहरूमा काम गर्ने श्रमिकहरूको लामो खत्रालाई सम्बोधन गर्न अनि असंगठित क्षेत्रका श्रमिकहरूलाई सेवानिवृत्ति लिन स्वेच्छाले जोगाड गर्न प्रोत्साहन गर्दछ।
- यहीँ लक्ष्यलाई राखेर भारत सरकारद्वारा यसैकारण नयाँ योजना “अटल पेन्सन योजना” (एपीवाई)1 2015-16 बजेट सत्रमा घोषणा गरियो। एपीवाई पेन्सन योजना भारतका असंगठित क्षेत्रमा कार्य गर्ने सबै नागरिकवर्गमा केन्द्रित योजना हो।
- एपीवाई सरकारको योजना हो जसलाई पेन्सन निधि नियामक एवं विकास प्राधिकरण (पीएफआरडीए) मार्फत एनपीएस शिल्पविधाद्वारा व्यवस्थापन गरिन्छ।

## अटल पेन्सन योजनाको विशिष्टता

- एपीवाई योजना अन्तर्गत उपभोक्ताले निम्नतम मासिक पेन्सन रू. 1000/- देखि रू. 5000/- निश्चित रूपले पाउनेछ।
- निम्तम पेन्सन सुविधाको सुनिश्चित भारत सरकारले गर्नेछ।
- मोठ योगदानको ५०% अथवा वार्षिक रू १००० एवं केही कम भारत सरकारको पक्षबाट सह-योगदान गर्नेछ। सरकारले कुनै पनि वैधानिक सामाजिक सुरक्षा योजनाहरूले आवद्ध नभएका अथवा कर भुक्तन नगर्नेहरूलाई सह-योगदान गर्नेछ।
- भारत सरकारले १ जुन २०१५ देखि ३ दिसम्बर २०१५ सम्म एपीवाई योजनामा सामेल हुने उपभोक्ताहरूलाई आगमी पाँच वर्षका निम्ति अर्थात २००१५-१६ देखि २०१९-२० सम्म सह-सहायता गर्नेछ। एपीवाई योजना अन्तर्गत सरकारको पक्षबाट सह-सहायता अनुरूप प्रदान गर्ने लाभ 5 वर्ष भन्दा धेर सबै उपभोक्ताहरू लगायत स्वनिर्भर लाभार्थीहरूलाई दिइनेछैन।
- सबै बैंक खाता धारकहरू यस एपीवाई योजनामा सामेल हुन सक्छन्।

## योग्यता

- एपीवाई भारतका 18-40 वर्ष उमेर पुगेकाहरूको निम्ति लागु हुनेछ।
- आधार केवाईसीको पहिलो प्राथमिकता हुनेछ। उपभोक्तालाई आधार अनि मोबाइल नम्बर योजनालाई व्यवस्थित सञ्चालनको निम्ति सिफारिस गरिन्छ। यदि पञ्जिकरणको समयमा नभए आधार विवरण पछिबाट उपलब्ध गर्न पर्नेछ।

# पुस्तिका

## समयमा नतिर्दा लाग्ने शुल्क

बैंकले समयमा भुक्तान नगरे अतिरिक्त शुल्क लिनेछ, जुन शुल्क निम्नतम रू. 1 देखि रू. 10 प्रति महिना हुनेछ जसबारे तल देखाइएको छ :-

- रू. 100/- सम्म योगादन प्रति महिना भए रू. 1 प्रति महिना लाग्नेछ।
- रू. 101 देखि 500 सम्म योगदान भए रू. 2 प्रति महिना लाग्नेछ।
- रू. 501 देखि 1000 सम्म योगदान भए रू. 5 प्रति महिना लाग्नेछ।
- रू. 1001 सम्म योगदान भए रू. 10 प्रति महिना लाग्नेछ।

निर्धारित राशीको ब्याज/जरिमाना उपभोक्ताद्वारा सङ्ग्रह गरिएको पेन्सनको एउटा भाग रहनेछ।

## उपभोक्तालाई आवश्यक जानकारी :

योगदान राशीको भुक्तान अनियमितता भएमा निम्नलिखित कुराहरूको नेतृत्व हुनेछ:-

- 6 महिना पछि खाता अचल हुनेछ।
- 12 महिना पछि खाता ठप्प हुनेछ।
- 24 महिना पछि खाता बन्द हुनेछ।

उपभोक्ताहरूले बैंक खाताबाट योगदान राशी स्वत कटौतीको निम्ति पर्याप्त धन सुनिश्चित गर्नुपर्छ।

## निकास :

**60 वर्षको उमेर पुग्दा :**
एपीवाईबाट 60 वर्षको उमेरमा वर्षभरीको 100% पेन्सन धनको साथ बाहिर निस्कन पूर्ण अनुमती छ। बाहिर निस्केको खण्डमा पेन्सन उपभोक्तालाई प्राप्त हुनेछ।

**कुनै कारणवस उपभोक्ताको मृत्यु भएको खण्डमा :**
कुनै कारणवस उपभोक्ताको मृत्यु भएको खण्डमा पेन्सन पति अथवा पत्निले पाउनेछ, यदि दुवैको (पति/पत्निको) मृत्यु भएको खण्डमा पेन्सन मनोनीत व्यक्तिलाई फिर्ता दिइनेछ।

**60 वर्षको उमेर अघि नै छोड्नु:**
60 वर्षको उमेर पुग्न अघि छोड्न अनुमति दिइनेछैन, यद्यपी कतिपय स्वीकारयोग्य कारणहरूमा जस्तै – उपभोक्ताको मृत्य भएमा अथवा घातक रोग लागेमा अनुमति दिइनेछ।

## मासिक योगदान सूचक तालिका

| भर्नाको उमेर | रू. 1000/- को मासिक पेन्सन | रू. 2000/- को मासिक पेन्सन | रू. 3000/- को मासिक पेन्सन | रू. 4000/- को मासिक पेन्सन | रू. 5000/- को मासिक पेन्सन |
|---|---|---|---|---|---|
| *18* | *42* | *84* | *126* | *168* | *210* |
| *20* | *50* | *100* | *150* | *198* | *248* |
| *25* | *76* | *151* | *226* | *301* | *376* |
| *30* | *116* | *231* | *347* | *462* | *577* |
| *35* | *181* | *362* | *543* | *722* | *902* |
| *40* | *291* | *582* | *873* | *1164* | *1454* |

**अधिकृत:**

**पेन्सन निधि नियामक एवं विकास प्राधिकरण**

*पहिलो तला, आईसीएडीआर बिल्डिङ, प्लट न.* 6, वसन्त कुञ्ज

इन्स्टिट्यूसनल क्षेत्र, फेज - 2, नयाँ दिल्ली -110070